कार्यसम्पादन सम्झौता सूचक नं.२ (ख) सँग सम्बन्धित"

# आ.व.२०८२-०८३ को कार्यसम्पादन सम्झौता कार्यान्वयन प्रगति प्रतिवेदन, २०८३

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय, संखुवासभा

## १. विषय प्रवेश

यस संखुवासभा जिल्लाको शान्ति सुरक्षा, सुरक्षा व्यवस्था र अमनचयन कायम गर्नु जिल्ला प्रशासको मूलभूत दायित्व भित्र पर्ने कार्य हो। जिल्ला प्रशासन कार्यालयको मुख्य कार्यक्षेत्र भित्र जिल्लामा शान्ति सुरक्षा कायम गर्नु, सुशासन र सेवा प्रवाह, अनुसन्धान, अपराध अनुसान्धान, लागू औषध निषेध/नियन्त्रण, सीमा नाका निरीक्षण, विपद् व्यवस्थापन, राहत वितरण, लैङ्गिक हिंसा न्यूनीकरण, अनुगमन, विकास प्रशासनको समन्वय आदि कार्य पर्दछ। नेपाल सरकारको कार्य विभाजन अनुसार अन्य कुनै पनि निकायलाई नतोकिएको कार्यको जिम्मेवारी पनि यस कार्यालय अन्तर्गत नै पर्दछ। नेपाल सरकारको प्रतिनिधिको रुपमा समेत प्रमुख जिल्ला अधिकारीले वहन गर्नु पर्ने सबै जिम्मेवारीहरु पूरा गरी सरकारको नागरिक प्रतिको दायित्व निर्वाह गर्नु पर्दछ।

गत आ.व. २०८२/०८३ मा श्रीमान गृह सचिवज्यू र जिल्ला प्रशासन कार्यालयका कार्यालय प्रमुख तथा प्रमुख जिल्ला अधिकारी बीच भएको कार्यसम्पादन सम्झौता र सोही अनुसार श्रीमान प्रमुख जिल्ला अधिकारी र सहायक प्रमुख जिल्ला अधिकारी साथै श्रीमान प्रमुख जिल्ला अधिकारी र प्रशासकीय अधिकृतहरु बीच भएको भएको कार्यसम्पादन सम्झौता सम्पन्न भई सोही अनुसार कार्य सम्पादन भएको थियो। जिल्लाको समग्र कार्य सम्पादन प्रभावकारी बनाई कार्यालयको प्रत्यक्ष अप्रत्यक्ष रुपमा सेवा प्रवाहलाई जनमुखी, सेवाग्राहीमैत्री, सरल तथा सहज बनाउनको लागि विभिन्न सूचकहरु निर्धारण गरी कार्य सम्पन्न गर्नको लागि समयसीमा समेत तोकेर गरिएका उक्त सम्झौताले कर्मचारीको कार्यक्षमतामा समेत सकारात्मक प्रभाव पार्नुका साथै लक्ष्य प्रासिका लागि योजना अनुरुप कामकाज गर्ने बानीको विकास गराई कार्यालयको कार्यसम्पादन स्तर बढाउन सहयोग पुगेको छ।

यस अवधिमा कार्यरत प्रमुख जिल्ला अधिकारीहरुको विवरण यस प्रकार रहेको छः

| क.स. | नाम | पद/श्रेणी | अवधि | |
|---|---|---|---|---|
| | | | देखि | सम्म |
| १ | दिव्य राज पोखरेल | सहसचिव | २०८१/११/२३ | २०८२/०५/०५ |
| २ | सिर्जना थपलिया | सहसचिव | २०८२/०५/०९ | २०८३/०२/२५ |
| ३ | इश्वरी प्रसाद अर्याल | सहसचिव | २०८३/०३/०१ | २०८३/०४/११ |

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
संखुवासभा

२. सम्झौताको विवरण र प्रगतिः

क. श्रीमान गृह सचिवज्यू र प्रमुख जिल्ला अधिकारीज्यू बीच भएको कार्य सम्पादन सम्झौताको प्रगतिः

गत आ.व. २०८२/०८३ मा श्रीमान गृह सचिवज्यू र प्रमुख जिल्ला अधिकारीज्यू बीच भएको कार्य सम्पादन सम्झौता अनुसार जिल्लाको समग्र शान्ति सुरक्षा व्यवस्थापन, अपराध नक्सा सहितको एकीकृत वार्षिक रणनीतिक सुरक्षा योजना तर्जुमा, क्षेत्रगत विषेश सुरक्षा योजना तर्जुमा, सुरक्षा निकायहरुको निरीक्षण, दर्ता भएका मुद्दाहरुको फछ्र्यौट, लागु औषध कारोबार र प्रयोऊको सम्भाव्य क्षेत्र तथा सीमा नाकामा निरीक्षण र अनुगमन, जिल्ला विपद् व्यवस्थापन समितिको बैठक सञ्चालन, जिल्ला विपद् पूर्व तयारी तथा प्रतिकार्य योजनाको कार्यान्वयन, मनसुन, शीतलहरु, लागालागी, चटयाङ, महामारी, आँधी प्रतिकार्य आपत्कालीन कार्य योजनाको कार्यान्वय, आयोजनाको कार्यान्वयन सहजिकरण, अनुगमन, लागु औषध नियन्त्रण उपचार र पुनर्स्थापना केन्द्रहरुको अनुगमन, जग्गा प्राप्ति, मुआब्जा वितरण, सुरक्षा निकाय, प्रदेश र स्थानीय तहसँगको समन्वय र सहकार्यमा लागु औषध नियन्त्रण सम्बन्धी कार्यक्रम सञ्चालन लगायतका विषयहरुमा प्रमुख जिल्ला अधिकारी स्वयं सहभागी भएर र मातहतका कर्मचारीहरुलाई परिचालन गरी समयमै कार्य सम्पन्न भएको छ।

ख. प्रमुख जिल्ला अधाकरीज्यू र सहायक प्रमुख जिल्ला अधिकारी बीच भएको कार्य सम्पादन सम्झौताको प्रगतिः

गत आ.व. २०८२/०८३ मा श्रीमान् गृह सचिवज्यू र प्रमुख जिल्ला अधिकारी बीच भएको कार्य सम्पादन सम्झौता अनुरुप नै प्रमुख जिल्ला अधिकारी र सहायक प्रमुख जिल्ला अधिकारी बीच सम्झौता भएको थियो। सोही सम्झौता अनुसार जिल्लाको शान्ति सुरक्षा तथा अपराध नियन्त्रण, शासकीय प्रबन्ध, लागु औषध नियन्त्रण, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन, मुआब्जा वितरण तथा विकास सहजीकरण मुख्य विषयको रुपमा रहेको थियो। यसै मुख्य विषयहरु अन्तर्गत रहेर जिल्ला सुरक्षा योजना तर्जुमा र कार्यान्वय, विभिन्न उजुरीहरुको फछ्र्यौट, अवैध हातहतियार नियन्त्रण, बार्षिक कार्य योजना तर्जुमा तथा कार्यान्वयन, अपराध नियन्त्रण तथा सचेतनामूलक कार्यक्रम सञ्चालन, उपभोक्ता हित विपरीत बजार अनुगमन, लागु औषध नियन्त्रण विभिन्न समन्वय बैठक, जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा तथा कार्यान्वयन लगायत सम्झौता अनुसार सबै कार्यहरुको उत्कृष्ट कार्य सम्पादन भएको छ।

प्रमुख जिल्ला अधिकारी

ग. प्रमुख जिल्ला अधिकारीज्यू र प्रशासकीय अधिकृतहरु बीच भएको कार्य सम्पादन सम्झौताको प्रगतिः

गत आ.व. २०८२/०८३ मा प्रमुख जिल्ला अधिकारी र प्रशासकीय अधिकृतहरु बीच भएको कार्य सम्पादन सम्झौता अनुरुप नै प्रमुख जिल्ला अधिकारी र प्रशासकीय अधिकृत बीच सम्झौता भएको थियो। सोही सम्झौता अनुसार जिल्लाको शान्ति सुरक्षा तथा अपराध नियन्त्रण, शासकीय प्रबन्ध, लागु औषध नियन्त्रण, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन, मुआब्जा वितरण तथा विकास सहजीकरण मुख्य विषयको रुपमा रहेको थियो। यसै मुख्य विषयहरु अन्तर्गत रहेर बजार अनुगमन, संघसंस्था अनुगमन, सूचना अधिकारी बैठक, नागरिकताको उजुरीहरु फछ्र्यौट, सरकारी कार्यालयहरुको निरीक्षण, कार्यालय सौन्दर्य व्यवस्थापन, कार्यालयको अभिलेख व्यवस्थापन तथा कार्यालयको दैनिक प्रशासनकि कामकाजहरु लगायत सम्झौता अनुसार सबै कार्यहरुको उत्कृष्ट कार्य सम्पादन भएको छ।

३. समग्र कार्यसम्पादनको अवस्थाः

श्रीमान प्रमुख जिल्ला अधिकारीले सहायक प्रमुख जिल्ला अधिकारी साथै प्रशासकीय अधिकृतहरु बीच गरेको सम्झौता अनुसार मातहतका कर्मचारीहरुले समेत सम्बन्धित फाँटका कामकाजहरु इमान्दारीपूर्वक सम्पादन गरेको हुँदा सबै सूचकहरुको समयमै प्रतिवेदन भएको छ। नागरिकता, राहदानी, राष्ट्रिय परिचयपत्र तथा स्थानीय प्रशासन सम्बन्धी सम्पूर्ण कामहरु छिटो, छरितो र कम लागतमा सम्पन्न हुने गरी व्यवस्था मिलाइनुका साथै सेवाग्राहीहरुको सहजताका लागि राष्ट्रिय परिचयपत्र तथा राहदानीको फाराम कार्यालयबाटै भर्ने व्यवस्था मिलाइएको छ। त्यसैगरी नागरिकता प्राप्त गर्ने सेवाग्राहीहरुलाई मध्यनजर गरी कार्यालयको हेल्प डेक्स सँगै हुलाक टिकट काउण्टर तथा राहदानी प्राप्त गर्ने सेवाग्राहीले चाहेको स्थानमा हुलाक मार्फत आफ्नो राहदानी प्राप्त गर्ने समेत व्यवस्था गरिएको छ।

सेवाग्राहीको सहजतालाई मध्यनजर गरी कार्यालय प्राङ्गणमा राष्ट्रिय बाणिज्य बैंक, खाँदबारी शाखाको काउण्टर सूचारु गर्नुका साथै राहदानी बनाई बिदेश जान चाहाने सेवाग्राहीका लागि बैदेशिक रोजगार सम्बन्धी परामर्श दिनका लागि बैदेशिक सहायता कक्ष सञ्चालन गरिएको छ। एकद्वार प्रणाली अन्तर्गत सेवा प्राप्त गर्ने सेवाग्राहीहरुले एक ठाउँबाट आफुसँग भएका कागजातहरु बुझाएपछि स्वयं आफु उपस्थित हुने बाहेक अन्य सबै कामहरु कर्मचारीबाट नै गराउने व्यवस्था मिलाइएको छ।

प्रमुख जिल्ला अधिकारी

४. चालु आ.व. २०८३/०८४ को कार्यसम्पादन सम्झौताः

गत आ.व. २०८२/०८३ मा भएको कार्यसम्पादन सम्झौताहरुको कार्यान्वयनबाट कार्यालयको काममा थप सहजता र स्पष्टता आएको महशुस भएको, साथै कार्यसम्पादन मापनमा मध्यम नतिजा प्राप्त भएको र चालु आ.व. २०८३/०८४ मा अझ उत्कृष्ट हुने गरी कार्य सम्पादन गरी कार्यालयको काम सूचारु गर्न वाञ्छनीय भएकोले कार्य सम्पादन सम्झौतालाई विस्तार गरी सहायक प्रमुख जिल्ला अधिकारी र प्रशासकीय अधिकृतहरुसँग कार्य सम्पादन सम्झौता भइसेको छ।

प्रमुख जिल्ला अधिकारी